म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १४ सोमबार २८ साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 12 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

## बकैयामा बैंक हिँडेका वृद्ध खोलामा मृत भेटिए

हेटौंडा, २७ साउन/मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिकाको बैंकमा पैसा लिन भन्दै घरबाट हिँडेका एकजना वृद्ध खोलामा मृत भेटिएका छन् । बकैया गाउँपालिका-५ पावसस्थित सीमातखोलाले बगाएर ६५ वर्षीय आशाकाजी दोङको आइतबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । वकैयाको गरगरेस्थित कृषि विकास बैंकमा चेक साट्नका लागि आइतबार बिहान दोङ घरबाट निस्किएको छोरी शान्ति लामाले प्रहरीलाई जानकारी गराएकी छन् । हिउँदमा तर्ने सीमातखोलाको जँघारबाट खोलातर्न लाग्दा दोङलाई खोलाले बगाएको इलाका प्रहरी कार्यालय फापरबारीका प्रहरीनिरीक्षक नारायण थापाले बताए । खोलामा बाढी आएकाले उनलाई बगाएर करिब ७ सय मिटर तल शव घोप्टो परेर बसेको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । मृतक दोङको पहिचान उनको छोरीले गरेकी थिइन् । दोङको चेक भने प्रहरीले फेला पार्न सकेको छैन ।

# उपमहानगरविरुद्ध मउवा संघको आन्दोलन घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ अस्वभाविकरुपले करको दरवृद्धि गरेको विरोधमा मकवानपुर उद्योग वाणिज्य संघले हेटौंडा उपमहानगर विरुद्ध चरणबद्ध आन्दोलनको घोषणा गरेको छ ।




उपमहानगरको १५ औं नगरसभाबाट राजश्व दरमा वृद्धि गरेको विषय साउन लागेपछि कर तिर्न आउँदा सेवाग्राहीले थाहा पाएका थिए । नयाँ राजश्व दरबृद्धि रहेको थाहा पाएपछि राजश्व वृद्धिको विषय बाहिर आएको हो । यसअघि मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघलगायतले करवृद्धिको निर्णय फिर्ता लिन माग गरेका थिए । उपमहानगरपालिकाले चालू आर्थिक वर्ष २०८१/८२ को लागि बहालकरदेखि व्यवसाय करमा २० देखि १५० प्रतिशतसम्म राजश्व वृद्धि गरेको हो ।

संघको आइतबार साँझ बसेको कार्यसमिति बैठकले सोमबार देखि पाँच दिने आन्दोलनको कार्यक्रम तय गरेको छ । आन्दोलनका कार्यक्रमअन्तर्गत पहिलो दिन सोमबार बिहान राजनीतिक दलका भातृ संगठन र सहकारी संस्थाका प्रतिनिधिसँग छलफल गर्ने जनाइएको छ । सोमबार दिउँसो १२ बजे व्यापारीको भेला आयोजना गर्नुका साथै दिउँसो ३ बजे पत्रकार सम्मेलन गरेर आन्दोलनको औचित्य, संघको धारणा र संघर्षका कार्यक्रमबारे जानकारी गराउने उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्ज्वल चौलागाईले जानकारी दिए ।

दोस्रो दिन मंगलबार करअवज्ञा गर्न व्यवसायी र नगरवासीलाई आव्हान गर्न सुरु गर्ने, विभिन्न संघ, संस्था, प्रदेश सरकार, राजनीतिक दललाई ज्ञापनपत्र बुझाउनुका साथै विभिन्न क्षेत्रका प्रतिनिधिसँग अन्तर क्रियाको कार्यक्रम तय गरिएको उनले बताए ।

तेस्रो दिन बुधबार हेटौंडा बजारको बुद्धचोकसँगै विभिन्न स्थानमा राजश्व वृद्धिको निर्णयविरुद्ध हस्ताक्षर संकलन गर्ने, हेटौंडा उपमहानगरपालिकामा १ घण्टा धर्ना दिने, राजश्ववृद्धिको विरोधमा विभिन्न स्थानमा कालो व्यानर राख्ने निर्णय गरेको छ ।

चौथो दिन बिहीवार हेटौंडा उपमहानगरपालिकामा २ घण्टा धर्ना दिने, नगर सरकार खोज्दै मैनबत्ती जुलुस गर्ने उपाध्यक्ष चौलागाईले जानकारी दिए । संघर्षको कार्यक्रमअन्तर्गत पाँचौं दिन शुक्रबार च्यालीसहित व्यापार व्यवसाय बन्द गरी हेटौंडा उपमहानगर पालिकामा चावी बुझाएर पहिलोचरणको आन्दोलनको कार्यक्रम समापन गर्ने बताइएको छ । बैठकले निर्माण व्यवसायी संघसहित सबै सरोकारवालासँग एकतावद्ध भएर आन्दोलनका कार्यक्रम अगाडि बढाउने निर्णय गरेको छ ।

**चुप आन्दोलन**

यसैगरी, करवृद्धि गरेको विरोधमा हेटौंडा उपमहानगर पालिका कार्यालय अगाडि गेटमा व्यवसायीले चुप आन्दोलन गरेका छन् । हेटौंडाका युवा व्यवसायीले उपमहानगरपालिकाको मूलढोका अगाडि चुप आन्दोलन गरेका हुन् । देशमा चलेको आर्थिक मन्दीमा परिरहेको अर्थतन्त्रमा सुधार नआएको अवस्थामा राजस्वको दरमा वृद्धि गरी व्यवसायीलाई मारमा पार्ने काम भएको भन्दै विरोधमा युवा व्यवसायीले उपमहानगरको ढोकामा चुप आन्दोलन सुरु गरेको आन्दोलनमा सहभागी किशोर अर्यालले बताए ।

उपमहानगरलाई ध्यानाकर्षण गराउँदा समेत २५ गतेको कार्यपालिकाको निर्णयले करको विषयको प्रस्ताव सर्वसम्मतले पारित गरेकोले चुप आन्दोलन गर्न बाध्य भएको अर्यालले बताए । अर्यालले १९ वटा वडा कार्यालयबाट यो आन्दोलन गर्न जरुरी रहेकोले सबै वडावासीलाई आन्दोलनमा साथ दिन आग्रह गरे । १५० प्रतिशतसम्म राजस्व वृद्धि समय सान्दर्भिक नभएको व्यवसायीको गुनासो छ ।

**कहाँ कति करवृद्धि ?**

७ असार २०८१ मा सम्पन्न १५ औं नगरसभाबाट ६ वटा समूहमा विभाजन गरिएको बहालकर ५० प्रतिशतसम्म वृद्धि गरिएको छ । 'ए' देखि 'एफ' समूहसम्मका करदातालाई क्रमश: ७ हजारबाट १० हजार, ६ हजार बाट ८ हजार ५ सय, ५ हजारबाट ६ हजार ५ सय तथा ४, ३ र २ हजार कर रहेकालाई थप एक हजारका दरले करमा वृद्धि गरिएको उपमहानगरले जनाएको छ ।

यसैगरी, उपमहानगरले थोकबिक्रेतातर्फ ५० प्रतिशत, 'क' वर्गको थोक तथा खुद्राबिक्रेता र कोल्ड ड्रिंक्स तथा बेकरीमा १ सय प्रतिशतले राजश्ववृद्धि गरेको छ । सुनचाँदी गरगहनातर्फ ठूला बिक्रेताको हकमा ६६ प्रतिशत र ज्याला लिई सुनचाँदीको काम गर्नेको हकमा ५० प्रतिशतले कर बढाएको हो ।

श्रृंगार, खेलौना र उपहार बिक्रेतालाई १ सय प्रतिशत, मोटरसाइकल मर्मतमा १ सय, हेभी सवारीसाधन बिक्रेतालाई ५० प्रतिशत, स्टेशनरीमा २० प्रतिशत, कृषि तथा भेटेरीनरीमा ६०, कम्प्युटर, मोवाइल तथा फोटोकपी मर्मतमा १ सय प्रतिशतसम्म करवृद्धि गरिएको हो । ड्राइक्लिनर्सलाई १ सय ३३ प्रतिशत र सुपरमार्केटलाई १ सय ५० र मार्टलाई ८७ प्रतिशतसम्म करवृद्धि गरिएको जनाइएको छ ।

# शिवम् सिमेन्टको नाफा घट्यो

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ हटियामा रहेको शिवम् सिमेन्टको नाफामा उच्चगिरावट आएको छ । कम्पनीले सार्वजनिक गरेको गत आर्थिक वर्षको चौथो त्रैमासिक वित्तीय विवरणअनुसार खुद नाफा ५७ दशमलव ९ प्रतिशत घटेको हो ।

कम्पनीले गत आवको चौथो त्रैमासिक अवधिसम्म खुद २५ करोड २ लाख रुपैयाँ नाफा कमाएको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा यस्तो नाफा ५९ करोड ४७ लाख रुपैयाँ थियो । कम्पनीको बिक्री र अन्य आम्दानी घटेको छ तर, बिक्री लागत बढेको छ । जसले गर्दा नाफामा उच्च गिरावट देखिन्छ ।

कम्पनीको बिक्री आम्दानी अघिल्लो आर्थिक वर्ष ७ अर्ब ७५ करोड रहेकोमा गत आर्थिक वर्ष ७ अर्ब ७० करोड देखिन्छ भने बिक्री लागत अघिल्लो अर्थिक वर्ष ६ अर्ब ४६ करोड रहेकोमा गत आर्थिक वर्ष ६ अर्ब ६७ करोड रहेको छ । अन्य आम्दानी पनि अघिल्लो आवमा ३६ करोड ३७ लाख रहेकोमा गत आवमा १९ करोड ८५ लाखमा झरेको छ । कम्पनीको प्रशासनिक खर्च, बिक्री वितरण खर्च पनि बढेको छ ।

बैंकको ब्याज घट्दा वित्तीय खर्च घटेको छ । वित्तीय खर्च अघिल्लो आवमा ९ करोड ६६ लाख रहेकोमा गत आवमा यो ४ करोड ८९ लाखमा झरेको छ । नाफा घटेपछि कम्पनीको प्रतिसेयर आम्दानी वार्षिक ४ रुपैयाँ ९८ पैसामा झरेको छ । १८९ रुपैयाँ २ प्रतिसेयर नेटवर्थ छ । अन्तर्राष्ट्रिय बजारमा कोइला, डिजेललगायत सामानको मूल्यवृद्धि स्वदेशमा आर्थिक मन्दीको असर कायम रहनु र विद्युत् प्राधिकरणले विद्युत् कटौती गर्दा ब्यापारमा असर परेको विवरणमा उल्लेख गरेको छ । दोस्रो बजारमा यो कम्पनीको मूल्य बढ्दो क्रममा देखिन्छ । बिहीबर मात्रै १० प्रतिशत मूल्य बढेको यस कम्पनीको सेयर मूल्य प्रतिकित्ता ७०१ रुपैयाँ ८० पैसा पुगेको छ ।




# थाहामा ६ केजी चरेससहित दुई भारतीय पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा लागूऔषध चरेस ओसारपसार गरेको आरोपमा प्रहरीले २ जना भारतीय नागरिक्लाई पक्राउ गरेको छ ।

६ केजी चरेससहित भारत विहार सीतामढीका ४५ वर्षीय सुधिर सिंह र ७५ वर्षीया रेणुदेवी चौधरीलाई इलाका प्रहरी कार्यालय पालुङले पक्राउ गरेको हो । जिल्लाको कैलाश गाउँपालिकाको गल्छीवाट हेटौंडातर्फ गइरहेको यात्रुवाहक बसलाई थाहा नगर पालिका-३ शिखरकोटमा प्रहरीले रोकेर खानतलासी गरेको थियो । खानतलासीको क्रममा उनीहरुको साथबाट चरेस फेला पारिएको प्रहरीले जनाएको छ ।

सिंह र चौधरीले तिघ्रामा बाँधेर चरेस ल्याएका थिए । १२ वटा प्लास्टिकको पोकामा प्याक गरेको चरेश एउटा तिघ्रामा तीन/तीन वटा पोका बाँधेका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरले गत आर्थिक वर्षमा लागुऔषध ओसारपसार गरेको आरोपमा २१ महिलासहित २ सय ५० जनालाई पक्राउ गरेर मुद्दा दायर गरेको थियो ।

एकवर्षमा ३ हजार ९ सय ६२ केजी गाँजा, १३ केजी अफिम, ७८ ग्राम खैरो हिरोइन र १ सय ५ केजी चरेस बरामद भएको मकवानपुर प्रहरीले जनाएको छ ।

# कान्तिलोपकथमा साना सवारी सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ पहिरोले अवरुद्ध भएको कान्तिलोकपथमा साना सवारीसाधन सञ्चालन भएका छन् । ललितपुरको बागमती गाउँपालिका-६ रातो पहाड नजिक खसेको पहिरो हटाएपछि हलुका सवारीसाधन सञ्चालनको अनुमति दिइएको भट्टेडाँडा स्थित इलाका प्रहरी कार्यालयले जनाएको छ । पहिरो पूर्णरुपमा पन्छाउन बाँकी रहेकाले अनुकूल मौसम रहेमा साँझसम्ममा ठूला सवारी साधनलाई पनि सञ्चालनको अनुमति दिइने मकवानपुर जिल्ला प्रहरी कार्यालयका निमित्त प्रवक्ता ओमप्रकाश पण्डितले बताए । यसैगरी, मकवानपुरतर्फको भीमफेदी गाउँपालिका-८ महादेवटारमा दुवैतर्फको सडकमा पर्खाल, ढल निर्माण जारी छ ।

**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

५०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# पर्यटन क्षेत्रको फजुल खर्च

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाले पर्यटन क्षेत्रको नाममा फजुल खर्च भइरहेको औंल्याएका छन् । बागमती प्रदेशमा २०७४ देखि पर्यटन क्षेत्रमा व्यापक लगानी भइरहेको छ । उनले पयर्टन क्षेत्रको नाममा फजुल खर्च गरेर विगतका प्रदेश सरकारले गल्ती गरेको बताए । काठमाडौंमा शनिबार आयोजित कार्यक्रममा मुख्यमन्त्री लामाले बागमती प्रदेश सरकारले पर्यटन क्षेत्रमा लगानी गर्ने नाममा फजुल खर्च गरेको पाइएको उल्लेख गर्दै अब भने त्यस्तो गल्ती नगर्ने बताएका हुन् । पर्यटकलाई आकर्षित गर्ने गन्तव्यस्थलको निर्माण गर्न प्रदेश सरकारले विशेष ध्यान दिने उनको भनाइ थियो । २०७४ पछि बनेको बागमती सरकारले भ्यूटावरको नाममा ३० करोड भन्दा बढी लगानी गरेको थियो । लगानीअनुसारको प्रतिफल भ्यूटावरले दिन सकेको थिएन । सञ्चालन कार्यविधि नै नबनाई भ्यूटावर निर्माण गरिएको हो । कार्यविधिअनुसार भ्यूटावर अझै सञ्चालनमा आउन सकेको छैन । निर्माण भइसकेका भ्यूटावर पनि अलपत्र भएर बसेका छन् । मकवानपुर, दोलखा, सिन्धुपाल्चोक, धादिङ, सिन्धुलीलगायतका जिल्लामा भ्यूटावर निर्माण भएका थिए । मुख्यमन्त्री लामाले पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि प्रदेश सरकार प्रभावकारी ढंगले लागिपर्ने बताए । पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न बागमती प्रदेश सरकार तयार रहेको बताइएको छ ।

बागगमती प्रदेशले पर्यटन प्रवर्द्धनकाका लागि यस अघि जुन लगानी गरेको छ त्यो फजुलमा गरेको हो । मन्दिर, गुम्बा छरिएर बनाएको छ । सबै ठाउँमा छरेर बनाएर पर्यटक आउँदैनन् । अर्को डाँडामा टावर बनाएको मुख्यमन्त्री लामाले भने । हुन त यो विषय राजनीतिक रुपमा उठेको पनि हुनसक्छ । अर्को दलले गरेको राम्रै काम भएपनि त्यसको आलोचना गर्नुपर्ने राजनीतिक संस्कार छ । दलीय एजेण्डाका रुपमा यो कुरा आएको हो भने बहादुरसिंहको बहादुरी भन्दा पनि आलोचनाको लागि गरिएको तर्क साबित हुनेछ । यदि सही रुपमा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन गर्न खोजेको हो भने मुख्यमन्त्रीले पर्यटन क्षेत्रमा लामो समयदेखि अनुभव बटुलेका, ट्रेकिङ, साइक्लिङ, ज्याफ्टिङ, क्यानोनिङ, हाइकिङमा पोख्त रहेका व्यक्तिहरुलाई बोलाएर छलफल गर्नु जरुरी छ । नेपालको अधिकांश पदमार्गमा पदयात्रा गरेका अनुभबी पदयात्री हेटौंडामा छन् । पर्यटन क्षेत्रमा धेरथोर कलम चलाएका पाका र अनुभबि संचारकर्मी छन् । उनीहरुसँग छलफल गरेर अगाडि बढ्न सकिन्छ । खाली पूर्ववर्ती सरकारले गरेका कामको बिरोध गरेर चर्चा बटुल्ने 'स्टन्टबाजी' मात्र हो भने यसको खासै अर्थ छैन । टावर कहाँ बनाउने, मन्दिरहरु कहाँ-कहाँ बनाउने भन्नेकुरा फरक छ । हाम्रो देशका डाँडाकाँडा आफैंमा प्राकृतिक भ्यूटावर छन् । त्यस्ता स्थानमा भ्यूटावर बनाउनुको कुनै अर्थ छैन । हाम्रो समाजलाई पनि सुद्धिकरण गरेर पर्यटकलाई आकर्षित गर्ने कम्तिमा पनि २/३ दिन घुम्ने ठाउँ चाहियो । पर्यटक आउनेबित्तिकै 'मुर्गा' बनाउने संस्कार पर्यटन ब्यवसायीमा छ । त्यो समस्या चिर्नका लागि मुख्यमन्त्रीसँग कस्तो 'भिजन' छ त ? नेपालमा धार्मिक पर्यटकलाई पनि आकर्षित गर्न सक्नुपर्ने मुख्यमन्त्री लामाले बताएका छन् ।

पशुपतिमा धार्मिक पर्यटकको दृष्टिले आउँछन्, हरेक क्षेत्रको पर्यटकलाई आकर्षण दिने काम गर्नुपर्दछ । त्यसो गर्न सकियो भने हामी सफल हुनसक्छौं । पर्यटकलाई आकर्षित गर्न पर्यटन ब्यवसायीलाई सचेत गराउन आवश्यक छ । चितवनमा भएको एक कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले आदिवासी जनजाति समुदायको भाषा संरक्षण वर्तमान समयको आवश्यकता भएको बताएका छन् । ३० औं विश्व आदिवासी दिवसका अवसरमा नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद् चितवनले शनिवार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले भाषा साहित्यमा धनी समुदाय भएर पनि यसको संरक्षण हुन नसक्दा भाषा लोप हुने अवस्थामा आइपुगेको बताए । एउटा समुदायको भाषा अर्को समुदायले प्रस्ट नबुझ्दा कतिपय नामथर र स्थानको नाम बिग्रिएको छ । त्यसका लागि आदिवासी जनजातिका भाषा गैरआदिवासी जनजातिलाई पनि बुझाउन आवश्यक हुन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन २९ गते मंगलबार १३ अगष्ट २०२४ । नवमी, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३४, सूर्यास्त ६:४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मन प्रसन्न रहनेछ | **तुला** | : परिवारमा सुखद माहौल रहनेछ |
| **वृष** | : विरोधी परास्त हुनेछन् | **वृश्चिक** | : स्थिति अनुकूल बन्नेछ |
| **मिथुन** | : व्यापारमा लाभ हुनसक्नेछ | **धनु** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| **कर्कट** | : काममा सफलता मिल्नेछ | **मकर** | : अहंकारको भावले काम विगार्नेछ |
| **सिंह** | : अधुरा कामहरु पूरा हुनेछ | **कुम्भ** | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| **कन्या** | : स्वास्थ्यको समस्या आउनेछ | **मीन** | : व्यापार राम्रो चल्नेछ |

# हामीले श्रीलंका र बंगलादेशको नियति भोग्न सक्छौ



✍ प्रा.डा. गोविन्दराज पोखरेल

बिगत ३० वर्षमा नेपाली कांग्रेसको नेतृत्वमा नेपालमा उदार लोकतान्त्रिक व्यवस्थाको संरचना, सामाजिक न्याय र समावेशीताको सफल संरचना र उदार आर्थिक संरचनाको स्थापना भएको छ । तुलान्मकमक रूपमा दक्षिण एसियाका मुलुकमा भन्दा नेपालमा यी संरचना राम्रा छन् । यसलाई अहिले समाजको मागअनुसार अद्यावधिक गरी सुशासन कायम गरी यी संरचनाले दिने प्रतिफल समाजका हरेक वर्ग र समुदायलाई समन्यायिक हिसाबले पुग्ने नीतिगत र कार्यान्वयनको माहोल बनायौ भने नेपालले श्रीलंका र बंगलादेशको नियति भोग्नु पर्दैन । तर, सेवा प्रवाहमा सुशासन, नेतृत्वको आचरण र प्रतिफलको न्यायोचित वितरणमा सुशासन कायम नहनु हो भने जनतामा निराशा थपिने छ । केही अपवादबाहेक सञ्चार माध्ययमले समाजको बुझाइलाई चित्रण गरेका छन् ।

नेपाली कांग्रेसको नेतृत्वले गरेको काममा विशेषगरी हाल मन्त्रिपरिषद्मा पठाइएका मन्त्री, मधेस प्रदेशमा मन्त्रिपरिषद्को आकार, सरकारले गरेका विभिन्न नियुक्ति, सरुवाबारे पनि व्यापक आलोचना भएको छ , गठन भएको सय दिन नपुग्दै समाजमा यो सरकारले आशा जगाउन सक्दैन कि भन्ने संशय पैदा भएको छ । त्यसैले हामीले बनाएका आर्थिक, सामाजिक र लोकतान्त्रिक संरचनाहरूका कमजोरीले भन्दा पनि राजनीतिक दलका नेतृत्वको कार्यशैलीबारे गरिएका टीका टिप्पणीलाई मनन गरेर जनताको भावनाअनुसार सुधारिएर काम गर्ने हो भने हामीले श्रीलंका र बंगलादेशको नियति भोग्नु नपर्ला भन्न सकिँदैन।

समाज र सञ्चार जगतमा हामीप्रति उठेका कुरालाई मनन गरेर रुपान्तणकारी कदम चाल्दै सुशासन र आर्थिक विकासलाई केन्द्रबिन्दु बनाएर अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो ।

अहिले अर्थतन्त्रको बाह्य क्षेत्र विशेषरी वैदेशिक मुद्राको सञ्चितिमा एक वर्षको आयात धान्न सक्ने अवस्थामा छ । शोधानान्तर अवस्था बचतमा रहेको छ । विप्रेषण बढेको छ । पर्यटन क्षेत्र विस्तारै फस्टाउँदै छ । ऋणको ब्याजदर घटेको छ । औसतमा १०.१५ प्रतिशतभन्दा कम हुँदैछ । औसत मुद्रास्फिति ६ प्रतिशतभन्दा कम नै छ । यद्यपि, खाद्यान्नको मूल्य आकाशिएकाले न्यून आय भएको वर्ग र समुदायलाई अप्ठ्यारो परेको छ । तर, अर्थतन्त्रमा विशेषगरी बाह्य क्षेत्रको स्थितिमा खासै सुधार आएको छैन । बरु सबल भनिएको बैंकिङ क्षेत्रमा जोखिम बढ्दै गएको देखिन्छ ।

आधिकारिक रुपमा नन् पफर्मिङ एसेटको तथ्यांक ३.५ प्रतिशत छ भने पनि यथार्थमा योभन्दा फरक छ । बैंकको नाफा बढे पनि सोही अनुसारको लाभांश बाड्ने अवस्था नहुनु भनेको कतै समस्या अवस्य छ भन्ने हो ।

त्यस्तै बढ्दो चालू खर्चलाई राजस्वले धान्न नसकेको तथा कतिपय विकास निर्माण तथा सेवाको सरकारले भुक्तानीसमेत गर्न नसकिरहेको स्थिति छ । पछिल्ला केही वर्षमा पुँजीगत बजेटको प्रतिशत र खर्चको प्रगति निराशाजनक रहेको छ। बैंकमा खुद ऋण दिन सकिने रकम साढे ४ खर्बभन्दा बढी छ । तर, बढ्दो कालोसूची र न्यून लगानी वातावरणले गर्दा बैंकिङ क्षेत्रबाट कर्जा प्रवाह हुन सकेको छैन भने खराब कर्जा बढ्दो छ ।

नेपालको अर्थतन्त्र वास्तवमै अति न्यून बचत र लगानी, न्यून आर्थिक वृद्धि, न्यून रोजगारीसहितका दीर्घकालीन संरचनात्मक समस्याबाट माथि उठ्न सकेको छैन । अर्थतन्त्रको तेस्रो खम्बा भनिएको सहकारी दल दलमा फसेको छ । बाह्य क्षेत्रमा अल्पकालीन सुधार भए पनि खुम्चिँदो निर्यात र नगन्य वैदेशिक लगानीको कारणले यस क्षेत्रलाई दीर्घकालीन र स्थायी रूपमा सुधार गर्न आवश्यक छ । कानुनी झन्झटिलो लगानी प्रक्रिया, कर, पूर्वाधार कार्यान्वयनमा भएका अड्चनसहितका सबै अवरोध हटाई व्यवहारिक रूपमा लगानी आकर्षण हुने वातावरण बनाउन अत्यावश्यक छ । यसबाट न अर्थतन्त्र चलायमान हुन्छ न विकास ।

नेपाली कांग्रेस सम्मिलित वर्तमान सरकारले जिम्मेवार भएर संरचनात्मक समस्याहरूको सम्बोधनमार्फत् अर्थतन्त्रलाई चलायमान बनाउँदै व्यवहारिक सुधार कार्यक्रम तयार गरी कार्यान्वयन गराउन अपरीहार्य छ । सरकारले वातावरण अनुकूल वातावरण छ भनेर मात्रै हुँदैन । भारत र रुवान्डाजस्तै स्वदेशी विदेशी सबै लगानीकर्ताले एकस्वरमा अनुकूल वातावरण छ भन्ने बनाउनुपर्छ ।

पछिल्लो दशकका सरकारहरूले अर्थतन्त्रको अवस्था सुधार गर्नेतर्फ इमान्दार प्रयास भएको देखिँदैन । राजनैतिक रूपमा सत्ता गठबन्धन गर्ने सम्बन्धमा हामी सक्रिय भई दलीय सहमत भई संविधानसमेत संशोधन गर्न तयार हुन्छौं । तर, आर्थिक अवस्था सुधार गर्न, नीतिगत सुधारका लागि पनि यस्तै दलीय सहमति गर्न नेपाली कांग्रेसले नै अग्रसरता लिनु पऱ्यो र पहल गर्नु पऱ्यो ।

नयाँ गठबन्धन बनेदेखि पुँजी बजार गतिशील छ, यो राम्रो संकेत हो । तर, यसको गतिशीलताबाट सरकारले भने जस्तो फाइदा लिन सकेको छैन । बरु सरकारको नीतिगत कमजोरीका कारणले आर्थिक असमानता बढाउने काम गरेको छ । छिमेकीमुलुक भारतमा जहाँ पुँजी बजारको प्रणालीभन्दा हाम्रो बढी सबल छ । त्यहाँ पुँजीगत लाभकर एक वर्षभन्दा कमको २० प्रतिशत र एक वर्षभन्दा बढीको १२.५ प्रतिशत छ । जबकी नेपालमा त्यो क्रमश: ७.५ प्रतिशत र ५ प्रतिशत छ । यसको मतलब पुँजी बजारमा दिनमा केही व्यक्तिले लाखौं कमाएका पनि छन् । तर, तिनले जम्मा ७.५ प्रतिशतमा कर तिरे पुग्ने व्यवस्था छ ।

नेपालमा ऋण लिएर लगानी गरेर अनेक प्रकारका जोखिम मोलेर वर्षमा १ करोड पारिश्रमिक कमाउनेले ३९ प्रतिशत अर्थात् ३९ लाख कर तिर्नुपर्छ ।

जबकी भारतमा ३० प्रतिशत मात्र छ । यसरी पुँजी बजारबाट अकपकालीन रूपमा गरेको खुद आम्दानीमा प्रगतिशील कर नलिने हो भने हामीले आर्थिक असमानतालाई प्रोत्साहन गर्दछौं । त्यसैले पुँजी बजारलाई पारदर्शी, गतिशील बनाउँदै पुँजीको लाभकरलाई एकपटक फेरि पुर्नमूल्याङ्कन गर्न आवश्यक छ ।

त्यस्तै अर्थतन्त्रमा ८१ प्रतिशत योगदान गर्ने निजी क्षेत्रलाई नकारात्मक दृष्टिकोणबाट हेर्ने बानीलाई त्यागेर यस क्षेत्रलाई विश्वासमा लिई अगाडि बढ्नुपर्छ । निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण नेपालका केही राजनीतिक दल, केही राजनीतिक नेतृत्व, केही सञ्चारमाध्यम, गैरसरकारी क्षेत्र तथा सरकारी संरचनासमेत सकारात्मक छैनन् ।


कम्तिमा नेपाली कांग्रेसका हरेक तहका नेतृत्वले निजी क्षेत्रका बारेमा धारणा राख्दा देशको नियम कानुन मानेर सुकर्म गरेर गरेर व्यवसाय गर्ने, सरकारलाई कर तिर्ने समुदायप्रति वितृष्णा जगाउनु भएन । राज्यको नीति नियमभित्र रहेर सुकर्म गरेर जोखिम मोलेर सरकारलाई कर तिरेर आर्थिक हैसियत बढाउनेलाई समाजका हरेक वर्गले सम्मान गर्ने संस्कारको विकास राजनीतिक दलहरूले गर्नुपर्छ । सिर्जनशील, उद्यमशील व्यक्तिले जोखिम मोलेर लगानी गरेर देश र समाजको सेवा सजिलै गर्न सक्ने राजनीतिक, सामाजिक, कानुनी र पूर्वाधारको माहोल बनाए मात्रै युवा विदेश जाने छैनन् ।

लगानी बढेमा रोजगारीका अवसर सिर्जना हुनेछन् । हामीले गृह र कानुन मन्त्रालयसमेत सम्हालेकाले नीतिगत सुधारबारे आवश्यक कदम चाल्न अनुरोध गर्दछु । २१औं शताब्दीमा बस्तु, मानिस, पैसा, ऊर्जा र ज्ञानको आदान प्रदानबाट मात्र समुन्नतीको आकांक्षा पूरा गर्न सकिन्छ । त्यसैले हाम्रो आर्थिक कुटनीति बलियो र समयानुकुल हुन जरुरी छ । हामीले परराष्ट्र मन्त्रालय पनि सम्हालेकाले त्यसतर्फ ध्यान दिनुपर्छ ।

समसामयिक राजनीतिको प्रतिवेदनमा विश्व राजनीतिका घटना परिघटना जस्ले हामीलाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्छ । बीआरआई, छलफलमा आएको 'एशियन नाटो', क्रियाशीलता बढाएको संघाई कोअपरेशन अर्गनाईजेशन, विश्वभरी बढ्दो लोकप्रियवाद, रुस-युक्रोन, इजरायल-गाजा र मध्यपूर्वको अशान्तिले नेपालमा लगानी, पर्यटन, विप्रेषणमा नकरात्मक प्रभाव बढ्ने र त्यसबाट हाम्रो अर्थ सामाजिक र राजनीतिक क्षेत्रमा ठूलो असर हुने देखिन्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# बंगलादेशको बबन्डरमा हौसिनेहरू !



✍ गोविन्द अधिकारी

बंगलादेशमा विद्यार्थी आन्दोलनले प्रधानमन्त्री शेख हसिना वाजेदलाई सत्तामात्र होइन देशै छाड्न बाध्य गरायो । यद्यपि, सेनाले भाग्न दिने तर उनको सरकारी निवासमा पस्न खोज्ने भिडलाई नरोक्ने भनेपछि उनी भारततर्फ लागेकी रहिछन् । हसिनालाई हटाउन सेना पनि लागेको रहेछ सायद । रक्तरञ्जित आन्दोलन वा सैनिक विद्रोहविना सत्ता परिवर्तन भएको छैन बंगलादेशमा अहिलेसम्म । अवामी लिग अझै पनि त्यहाँको सबैभन्दा ठूलो पार्टी हो । भन्छन्, स्वतन्त्र निर्वाचन भए अवामी लिगले अझै पनि सबैभन्दा धेरै स्थानमा जित्न सक्छ ।

हसिना वाजेदका छोरा सजीवले राजनीतिमा आउने सङ्केत गरेका छन् । तर, यी सबैबाट चुनाव छिटै नहुने जोखिम बढेको छ । सर्वदलीय बैठकमा अवामी लिगलाई बोलाइएन । सरकारमा खालिदा जिया निकटका व्यक्तिहरू छन् । यी सबैले अवामी लिग हार्ने पक्का नहुँदासम्म चुनाव नहुनसक्छ । बंगलादेशको इतिहास दोहोरियो भने चुनाव ढिलो हुँदै गएपछि सत्ताभित्रै धाँजो फाट्न थाल्ने र अर्को आन्दोलनले अवामी लिगलाई पुन:स्थापित गर्ने पनि उत्तिकै सम्भावना छ ।

### उदारवादी र कट्टरपन्थीको द्वन्द्व

सबै समाजमा जस्तै बंगलादेशमा पनि उदारवादी र अनुदारवादीका बीचमा द्वन्द्व छ । यसपटक विद्यार्थी आन्दोलनको काँधमा चढेर अनुदार कट्टरपन्थी सत्तामा पुग्नसक्छन् । अहिले नै हिन्दुहरूमाथि अत्याचार बढ्न थालेको समाचार आएका छन् । आन्दोलनले शेख हसिनाको अधिनायकवादी शासन त अन्त्य गऱ्यो तर इस्लामी कट्टरपन्थीहरूको हौसलामात्र होइन शासनमा प्रभाव पनि बढाउने जोखिम देखिइसक्यो ।

सन् १९७१ मा पनि त्यहाँको समाज त्यसरी नै विभाजित भएको थियो । कट्टरपन्थी 'राष्ट्रवादी'हरूले मुक्ति सङ्ग्रामविरुद्ध पाकिस्तानी सेनालाई सघाएका थिए । तिनलाई 'रजाकार' भनिन्थ्यो । स्वतन्त्रता सङ्ग्राममा लागेका मात्र होइन कतिपय निर्दोषहरू पनि रजाकारको अत्याचारको सिकार बनेका थिए । त्यसरी बढी अत्याचार सहनेमा बंगलादेशी हिन्दुहरू पनि धेरै थिए । त्यही कारणले धेरै हिन्दुहरू अवामी लिगका समर्थक बन्न पुगेका हुन् ।

### सकारात्मक नहुन पनि सक्छ यसको परिणाम

धेरै नहौसिए हुन्छ बंगलादेशको परिवर्तनको परिणाम दीर्घकालीनरूपमा सकारात्मक नहुनसक्छ यस क्षेत्रकै लागि । भारतमा शरणार्थी थपिनेछन् । त्यसले मूलत: पश्चिम बङ्गालमा तनाव बढाउन सक्छ । असम र त्रिपुरासम्म पनि त्यो चाप पर्न सक्छ भने जति रोक्न खोजे पनि नेपालमा समेत बबन्डरको बाछिटा छेक्न सकिनेछैन ।

### हौसिनेहरूको अलगअलग समूह र बेग्लाबेग्लै कारण

हौसिनेमा एकथरी उदार प्रगतिशीलहरू छन् भने अर्काथरी अनुदार कट्टरपन्थीहरू । उदार प्रगतिशीलहरू शेख हसिनाको अधिनायकवादी शासनको पतन भयो नागरिक आन्दलनबाट भनेर हौसिएका हुन् । तिनीहरू छिटै निराश हुने सम्भावना नै धेरै छ । कारण, युनुसको नेतृत्वको अहिलेको सरकारको आफ्नो कुनै संगठन छैन । प्रमुख सल्लाहकार डा. युनुस सैद्धान्तिकरूपमा लोकतन्त्रवादी पनि होइनन् । यसैले नयाँ सरकार बिस्तारै सेना वा इस्लामी कट्टरपन्थीको कठपुतलीमा परिणत हुनसक्छ ।

भनिन्छ, उनी सेनाको उक्साहटमा राजनीतिक दल बनाउन तम्सेका थिए । जियाउर रहमानको शासनमा उनको सत्तासँग निकट सम्बन्ध पनि थियो । यस्तै, शेख हसिनाको शासनमा उनको ग्रामीण बैंक सरकारको वक्र दृष्टिमा परेको थियो । 'सहकारी ठगी'को आरोप डा. युनुसमाथि पनि लागेको थियो । अवामी लिग र अझ शेख हसिनाप्रति युनुसमा प्रतिशोधको भावना हुनु पनि अस्वाभाविक हुँदैन ।

### निरङ्कुश शासनको लोभ

स्वतन्त्रता सङ्ग्रामको नेतृत्व गरेर बंगलादेशलाई मुक्त गर्ने शेख मुजिव त सत्ताको लोभबाट जोगिन सकेनन् । समाजवादका नाममा एकदलीय शासन सुरु गरेर उनैले अनुदार अधिनायकवादी सत्ताको बीउ रोपेका थिए । लोकतन्त्र स्थापनाका लागि लामो सैर्ष गरेकी शेख हसिना कालान्तरमा अधिनायकवादी बनिन् भने अनुदार कट्टरपन्थकै जगमा हुर्केकाहरूबाट उदार प्रगतिशील लोकतन्त्रको कल्पना गर्नु शल्यलाई सेनापति बनाएर महाभारत जित्ने अपेक्षा गर्नेजस्तै हो । यसैले उदार प्रगतिशीलहरू हौसिनुभन्दा हच्किनुपर्ने देखिन्छ ।

यसै पनि उदार नीति अपनाए कट्टरपन्थीले समर्थन गर्नेछैनन् । अहिले नै प्रमुख सल्लाहकार नियुक्त डा. युनुसले जनतामाथि आन्दोलनकारीका आडमा भइरहेको अत्याचार रोक्न आह्वान गर्नु परेछ । उनका कुरा कट्टरपन्थीले नसुन्ने र त्यसपछि उनले पदत्याग गर्ने सम्भावना पनि उत्तिकै छ । सेनामा, कर्मचारीतन्त्रमा अर्थात् राज्यको स्थायी सत्तामा स्वाभाविकरूपमा अनुदार तत्त्वकै बाहुल्य र प्रभुत्व हुन्छ ।

### अल्पसंख्यकमाथि अत्याचार

धर्मनिरपेक्ष भन्न नमिले पनि शेख हसिनाको शासनमा हिन्दुलगायत अल्पसंख्यकहरू अपेक्षाकृत सुरक्षित थिए । यसैले अल्पसंख्यकहरू धेरै अवामी लिग समर्थक छन् । त्यही कारणले पनि अहिले सत्ता परिवर्तन हुनेबित्तिकै सबैभन्दा बढी मार तिनैमाथि परेको छ । नेपालमा पञ्चायतकालमा मधेसीहरू प्राय: नेपाली कांग्रेस समर्थक हुने गरेजस्तै । त्यही कारणले नेपाली मधेसीले निरङ्कुश शासनको कहर पनि धेरै सहनु परेको थियो अहिले बंगलादेशका अल्पसंख्यकले जस्तै । अझै पनि मधेसमा प्रहरीले अपेक्षाकृत बढी बल प्रयोग गरेको देखिन्छ ।

### आरक्षणमाथि कट्टरपन्थीको आक्रमण

बंगलादेशमा आरक्षणको विरोधमा आन्दोलन भएकाले नेपालमा पनि समावेशिता, सकारात्मक विभेदलगायतका प्रगतिशील अभ्यासहरू खारेज हुनुपर्छ भन्नेहरू देखिन थालेका छन् । नेपालको 'संस्थापन'को प्रतिनिधित्व गर्ने यो जमात निकै हौसिएको देखिएको छ । तिनलाई लागेको हुनसक्छ - मौका यही हो समावेशी, समानुपातिक र संघीयता समाप्त पारेर नेपाली समाजको अग्रगमन रोक्ने । नेपालमा राजाहरू छरछिमेकमा अनुदार प्रतिगमन देखिनेबित्तिकै हौसिने गर्थे । दक्षिण एसियामा प्रतिगमनको पहिलो देखिने पाइला सन् १९५८ मा पाकिस्तानी जनरल अयुब खाँले चालेका थिए । नेपालमा राजा महन्द्रले सन् १९६० मा लोकतान्त्रिक व्यवस्था समाप्त पारेर निरङ्कुश शासन सुरु गरे ।

सन् १९७५ मा भारतमा इन्दिरा गान्धीले सङ्कटकाल लगाएर निरङ्कुश राज चलाउन थालेकी थिइन् । यता नेपालमा राजा विरेन्द्रले पनि त्यही वर्ष दलविहीन पञ्चायतमा समेत 'गाउँफर्के शासन' थोपरिदए । अहिले बंगलादेशमा भएको परिवर्तनबाट हौसिनेहरूमा तिनै गाउँफर्के प्रवृत्तिका मानस सन्तानहरू बढी देखिएका छन् । तर, नेपालमा बंगलादेशकै नक्कल हुन धेरै कठिन छ । तिनले गाउँफर्क ४ वर्ष पनि टिक्न नसकेको नबिर्से हुन्छ ।

### बंगलादेश बन्दा विभाजित जनमत

जतिबेला बंगलादेश बन्दै थियो नेपालका लोकतन्त्रवादीले मक्ति सङ्ग्रामको समर्थन गरेका थिए । अनुदार कट्टरपन्थीहरू पञ्च वा कम्युनिस्टको आवरणमा बंगलादेशका मुक्तिवाहिनीहरूलाई 'रेडियो पेकिङ'कै शैलीमा 'मुठ्ठीभर उपद्रोकारी' भन्दै थिए । राष्ट्रिय पञ्चायतका केही उदारवादी सदस्यले कलकत्तामा बंगलादेशको समर्थनमा आयोजित एउटा सम्मेलनमा भाग लिए । निकै खैलाबैला मच्चाएका थिए मण्डलेहरूले त्यसका विरुद्ध । त्यसको केही दिनभित्रै नेपालले पनि बंगलादेशलाई मान्यता दियो ।

शेख मुजिवको हत्यापछिका दिनहरूमा नेपालका शासकहरूको बंगलादेशीहरूसँग अपेक्षाकृत निकट सम्बन्ध बनेको थियो । जियाउर रहमान र हुसेन महम्मद एर्साद दुवै जर्नेलहरूसँग राजाको सम्बन्ध अपेक्षाकृत सुमधुर थियो । यस्तै अयुवा खाँ, याह्या खाँ, जियाउल हकजस्ता पाकिस्तानी जर्नेल तानाशाहहरूसँग पनि राजदरबारको निकटता थियो । तर, जुल्फकर अली भुट्टो, बेनजिर भुट्टो, शेख मुजिब, शेख हसिना बाजेदहरू र दरबारबीच खासै निकटता भएन । अहिले हसिनाको अवसानमा हर्ष मनाउनेमा यही अनुदारतत्त्वको अवशेष धेरै देखिन्छन् । यद्यपि, कुनै पक्ष पनि धेरै हौसिनुको अर्थ देखिँदैन । र अन्त्यमा

### त्यागले बढाएको सम्मान

अमेरिकी राष्ट्रपति जो बाइडेनले आगामी कार्यकालका लागि चुनाव नलड्ने घोषणासँगै न्यायालयमा सुधारको पनि प्रस्ताव गरेका छन् । उनले चुनाव नलड्ने निर्णय गरेर आफूभन्दा देशलाई महत्त्व दिएको घोषणा गरे । यस्तै, बाइडेनले न्यायपालिकाको सुधारका लागि ३ वटा प्रस्ताव अगाडि सारेका छन् - सर्वोच्च अदालतका न्यायाधीशको पदावधि तोक्ने, न्यायाधीशका लागि बाध्यकारी आचारसंहिता लागु गर्ने र राष्ट्रपति पदमा रहेका बेला गरेका काममा उन्मुक्ति नपाउने ।

यीमध्ये न्यायाधीशसम्बन्धी प्रस्तावमा त उनको दलगत स्वार्थ पनि मिसिएको भन्न मिल्छ । तर, पछिल्लो प्रस्ताव भने डोनाल्ड ट्रम्प लक्षित देखिए पनि विधिको शासन र समानताको सिद्धान्तका पक्षमा छ । विधिको शासन र समानताको सिद्धान्तका दुवै अमेरिकाका आधारभूत मान्यता पनि हुन् । उमेदवारी त्याग गरेर राष्ट्रपति बाइडेनले अमेरिकामात्र होइन संसारभर सम्मान कमाएका छन्। सबैभन्दा उल्लेख्य त बाइडेनले आफूलाईसमेत उन्मुक्ति नदिने कानुन बनाउने प्रस्ताव गरे । भूतपूर्व भएकै नाताले गैरकानुनीरूपमा सुरक्षाकर्मी राख्ने लोभ छाड्न नसक्नेहरूलाई कस्तो लाग्दो हो कुन्नि ? नेपालमा भने डोनाल्ड ट्रम्पका अवतार जतातत्तै छन् तर जो बाइडेन कतै देखिँदैनन् !

*(साभार: बाह्रखरी डटकम)*

# नेपाली भलिबलका जगदीश

काठमाडौं/जब संगीतको धुन बज्छ, फुटबल समर्थक र खेलाडीहरुको तस्वीरहरु देखाइन्छ । बीच-बीचमा इट फुटबल, स्लिप फुटबल र ड्रिक कोकाकोला जस्ता शब्द देखाइन्छ । सन् १९९८ को विश्वकप फुटबलताका बनेको यो विज्ञापन यति चर्चित भयो त्यतिबेला फुटबल हेर्ने धेरैको मुखमा 'कि इट फुटबल, स्लिप फुटबल, ड्रिक कोकाकोला' झुण्डियो ।

जगदीश भट्टको जीवन भने इट भलिबल, स्लिप भलिबल, ड्रिंक भलिबल जस्तै भएको छ । निरन्तर तीन दशक अर्थात जीवनको आधा समय उनले भलिबलमा बिताएका छन् ।

यसैसाता नेपालले पहिलो पटक भारतलाई हराउँदा मुख्य प्रशिक्षक जगदीश भट्टले लिएको रणनीति तारिफ योग्य थियो । काभा वुमन्स नेसन्स लिग प्रतियोगिताको समूह चरणमा नेपालले भारतलाई ३-२ को सेटमा पराजित गरेको थियो ।

तर फाइनलमा नेपाल त्यही भारतसँग ३-२ को सेटमा पराजित हुन पुग्यो । प्रतियोगितामा सहभागी भारत, इरान, माल्दिभ्स र श्रीलंका सबैलाई हराउन भने सफल रह्यो । 'फाइनल जितेको भए इतिहासको पानामा नाम रहन्थ्यो, भलिबल पनि अर्को स्तरमा पुग्थ्यो', जगदीश भन्छन्, 'ट्रफी जित्न नसके पनि हामी च्याम्पियन चाहिँ हो ।'

सन् २०१३ मा प्रशिक्षण सम्हालेयता उनले नेपाली महिला भलिबलसँगै खेलाडीको पहिचान नै बदलेका छन् । उनी प्रशिक्षक बनेर आउनुअघि नेपाललाई भारतविरुद्ध एउटा सेटमा ९/१० अंक कटाउन नै कठिन पर्थ्यो, माल्दिभ्स लगायतका टिमले समेत चुनौती दिन्थे ।

सन् २०१३ मा घरेलु कोर्टमा भएको माल्दिभ्ससँगको मैत्रीपूर्ण खेलबाट उनले महिला टोलीको प्रशिक्षण सम्हाल्ले । स्पाइकर प्रतिभा मालीले त्यही खेलमा १३ वर्षको उमेरमा डेब्यू गरेकी थिइन् ।

अर्को वर्ष नेपालले श्रीलंकालाई पहिलो पटक हरायो । तर अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा नेपाल सहभागितामा नै सीमित रह्यो । जगदीशले टिममा ठूलो हेर फेर चाहे, युवा खेलाडीमा सम्भावना देखे । १३ औं साग उनका लागि अवसर बन्यो ।

सन् २०१९ अप्रिलमा भएको आठौं राष्ट्रिय खेलकुदको प्रदर्शनको आधारमा जगदीशले युवा खेलाडीहरुलाई प्राथमिकतामा राखेर प्रारम्भिक टोली घोषणा गरे । उनले उषा भण्डारी, निरुता ठगुन्ना, कामना



विष्ट र पुनम चन्द लगायत युवा खेलाडीलाई टिममा राखे ।

अनि, तत्कालिन नेपाली टोलीका कप्तान विनिता बुढाथोकी, उपकप्तान मञ्जु गुरुङ, कोपिला उप्रेती, नेविका चौधरी, मनिषा चौधरी र निता शाहलाई १३ औं सागको बन्द प्रशिक्षणमै राखेनन् । उनको त्यो निर्णयले भलिबलमा ठूलो तरंग ल्यायो । आलोचना मात्र होइन, दबाब पनि आयो । तर जगदीश आफ्नो निर्णयबाट हलचल भएनन् ।

सागको एक महिनाअघि नेपाल एसियन सेन्ट्रल जोन खेल्न बंगलादेश गयो । युवा खेलाडीले जगदीशले गरेको विश्वास टुट्न दिएनन्, नेपालले फाइनलमा माल्दिभ्सलाई ३-० को सोझो सेटमा हराउँदै आलोचकलाई जवाफ दियो । यो नेपाली महिला भलिबल टोलीले अन्तर्राष्ट्रिय स्तरमा जितेको पहिलो उपाधि थियो ।

काठमाडौंमा नै भएको १३औं सागमा पनि नेपाल पहिलो पटक फाइनलमा पुग्यो । यद्यपि भारतसँग ३-२ सेटले पराजित भयो । नेपालले इतिहासमै पहिलो पटक भारतविरुद्धको खेलमा कुनै सेट जितेको थियो ।

जगदीशकै प्रशिक्षणमा नेपाली महिला टिमले सन् २०२१ मा उज्वेकिस्तानलाई फाइनलमा ३-१ ले हराउँदै सेन्ट्रल जोनको उपाधि जित्यो ।

**राष्ट्रिय टिमबाट खेलेकै वर्ष प्रशिक्षक**

बैतडीमा जन्मिएका ५० वर्षीय जगदीश, परिवारसँगै महेन्द्रनगर झर्दा मात्र २ वर्षका थिए । पढाइसँगै खेलमा पनि अब्बल उनी पहिलो पटक १९९३ मा राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा परेका थिए । त्यसको दुई वर्षपछि १९९५ मा भारतमा भएको साउथ एसियन गेम्समा उनी पहिलो पटक नेपालको टोलीमा परे । त्यही वर्ष राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले उनलाई करारमा भलिबलको प्रशिक्षक नियुक्त गरेको थियो ।

उनले भलिबल खेल्न भने छाडेनन् । २००४ को साउथ एसियन गेम्स खेल्न पाकिस्तान गए, त्यो पनि भारतबाट रेल चढेर । तर फिट हुने पोशाक नभएका कारण उनले श्रीलंकासँग पहिलो खेल खेल्न पाएनन् । अब्बल खेलाडी हुँदाहुँदै प्रतियोगिताका कुनै खेल खेल्न पाएनन् । त्यहीँ झोकमा उनले सन्यास लिए । त्यसलाई जगदीश आफ्नो करिअरको सबभन्दा दु:खद क्षण मान्छन् । खेलाडीका रुपमा उनले कुनैपनि मेडल जित्न सकेनन् ।

पाकिस्तानबाट फर्किनासाथ राखेपले प्रशिक्षकमा स्थायी गर्‍यो, अनि खेलकुद विकास समितिको सहकार्यमा महेन्द्रनगरमा ७० दिन भलिबल प्रशिक्षण केन्द्र तयार पार्दै पूर्णकालीन प्रशिक्षकको यात्रा अघि बढाए ।

सन् २००६ मा श्रीलंकामा भएको साउथ एसियन गेम्समा नेपालको पुरुष टोलीको प्रशिक्षकको जिम्मेवारी सम्हाले । त्यसपछि निरन्तर पुरुष टोलीको प्रशिक्षकको रुपमा काम गरे ।

एसियन सेन्ट्रल जोन २०१७ मा पुरुष टोलीले पहिलो पटक कास्य पदक जित्दा जगदीश सहायक प्रशिक्षक थिए । यो अवधिमा उनले भलिबल कोचिङतर्फ लेभल-२ को कोर्स पूरा गरे । राखेप प्रशिक्षकका रुपमा उनको कार्यकाल अब ९ वर्ष बाँकी छ ।

'जीवनमा रिटायरमेन्ट भन्ने हुँदैन, यो त अशक्त भएपछि कि जीवन नरहेपछि मात्रै हो', प्रशिक्षक जगदीश भन्छन्, 'त्यो बेला ५८/६० वर्षको हुन्छु । प्राविधिक रुपमा नभएपनि संस्थागत रुपमा काम गर्नेछु ।' सन् २०१७ मा पुरुष टोलीले सेन्ट्रल एसियामा प्राप्त गरेको कांस्य पदक, १३ औं सागमा भारतसँग पाँच सेट खेल्नु, एसियन सेन्ट्रल जोनमा दुई पटक स्वर्ण र यस पटक भारतलाई हराउनु उनका करिअरका उत्कृष्ट क्षण हुन् ।

महिला, पुरुष, बिच भलिबल र इन्डोर गरेर उनले नेपाललाई १२ पदक दिलाएका छन् । प्रशिक्षकको रुपमा अबको उनको चाहना सेन्ट्रल एसियामा इरान, काजकिस्तान र भारतजस्ता देशलाई हराउँदै च्याम्पियन बन्ने छ ।

प्रशिक्षक जगदीश गाउँगाउँमा पुगेर युवा प्रतिभाहरुलाई खोजेर राष्ट्रिय टिमसम्म ल्याउन पनि उत्तिकै खटिन्छन् । यस पटकको काभा भलिबलमा राम्रो प्रदर्शन गर्ने ओपन स्पाइकर निरुता ठगुन्नालाई पनि उनले नै दार्चुलाबाट ल्याएका थिए । सन् २०१५ मा त्रिभुवन आर्मी क्लबको प्रशिक्षक हुँदा भट्टले निरुतालाई आर्मी क्लबमा आवद्ध गराएका थिए ।

'मलाई जिरो लेभलबाट ल्याएर आर्मीमा प्रशिक्षण गराउनु भयो । मैले ट्रेनिङ गरेको नै आर्मीमा आएर हो', निरुता भन्छिन्, 'म उहाँलाई गार्जियनका रुपमा लिन्छु । मलाई यहाँसम्म ल्याउन उहाँको ठूलो भूमिका छ ।'

**जगदीशलाई भावुक बनाउने प्रश्न**

नेपाली महिला भलिबलले एकपछि अर्को सफलताको सिँढी चढेपनि खेलाडीहरुको अवस्था फेरिएको छैन । भलिबल संघले चन्दा उठाएर मासिक ५ हजार रुपैयाँ तलब दिन थालेको एक वर्ष मात्र भयो ।

जब खेलाडीहरु भविष्यलाई लिएर चिन्ता गर्न थाल्छन्, प्रशिक्षक जगदीश सम्झाउँछन्, 'राज्यले के गर्‍यो वा गरेन, त्यो उनीहरुको कुरा हो । तर हामीले राज्यको लागि के गर्‍यौं भन्ने महत्वपूर्ण हुन्छ । आज हामीले दु:ख गर्‍यौं, अभावका बीच खेल्यौं भने भोलि आउने पुस्तालाई राम्रो हुन्छ ।'

अगाडि थप्छन्, 'म पछि आउने प्रशिक्षक कार चढेर हिँडुन् । १० जना कोचिङ स्टाफ हुन् । खेलाडीको गरिमा बढोस् । खेलाडी आउँदा अटोग्राफ लिन हजारौं मानिसको भीड होस् । राम्रो सेवा सुविधा पाउन् । त्यसलाई हामीले दु:ख गर्नुपर्छ ।'

उनी आफ्ना खेलाडीलाई जसरी सम्झाउँछन्, आफू पनि त्यसरी नै सम्हालिएका छन् । भलिबल संघले उनलाई तलब दिँदैन, राखेपबाट आउने तलबले गुजारा चलाएका छन् । दुई छोरीहरु हुर्किँदै गर्दा उनलाई पनि लालनपालान र शिक्षादीक्षालाई लिएर चिन्ता नभएको होइन ।

एक समय त विदेश जाऊँ कि भन्ने सोच पनि आएको थियो । उनले फारम भरिदिएका आधारमा केही साथी अमेरिका गए । 'म विदेश गएको भए पैसा यति कमाउथे कि खर्च गर्न सक्दैन थिएँ होला । छोराछोरी राम्रो अवस्थामा हुन्थे होला । तर म परिवारबाट बञ्चित हुन्थे', जगदीश भन्छन्, 'भलिबलमा यो माया पाउने थिइनँ ।'

छोरीहरुको पढाइ राम्रो नभएको भए गाउँसमाजले बालबच्चा हेर्न र पढाउन सकेन भनेर प्रश्न उठाउने मौका पाउँथे होला । तर जेठी छोरी निकिताले इन्जिनियरिङ पढेकी छन् । कान्छी छोरी ऋतिकाले राम्रो ग्रेड ल्याएर एसईई पास गरिन् ।

तर छोरीहरुले चाहे जस्तो पढाउन नसकेकामा भने उनलाई नमज्जा लागेको छ । 'मेरो उमेर पनि ढल्दै गयो, काम गर्ने ऊर्जा र क्षमता घट्दै गयो । अर्को पेशा अंगाल्ने समय पनि रहेन', जगदीश भावुक बने, 'आफ्ना बालबालिकाले म यो पढ्छु भन्दा पनि पूरा गर्न सकिएन । किनभने त्यहाँ पैसा चाहिने रहेछ ।' जगदीशकी कान्छी छोरी ऋतिका पनि भलिबल खेल्छिन् । ६.१ इन्च अग्ली उनले सुदूरपश्चिमबाट नवौं राष्ट्रिय खेलकुदमा भाग लिएकी थिइन् ।

जगदीशलाई बेलाबेला छोरीहरु खेलकुदमा लागेर के पाउनुभयो भनेर सोध्छन् । त्यतिबेला उनी नाजवाफ हुन्छन् । उनी भन्छन्, 'म कहिल्यै गद्दारी गर्दिन । मेरो लक्ष्य र अनुभवमा काम गर्छु । राज्यले दिएको जिम्मेवारी शतप्रतिशत पूरा गर्दा गरिमा बढ्छ ।'

*(अनलाइनखबरबाट)*

# 'वर एन्ड वधु' पोस्टरमा आँचल र विवेकको केमेस्ट्री









काठमाडौं/आगामी भदौ १४ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'वर एन्ड वधु'को तीनवटा नयाँ पोस्टर सार्वजनिक गरिएको छ । जसमध्ये दुईवटामा अभिनेत्री आँचल शर्मा र नव-अभिनेता विवेक कर्माचार्य चित्रित छन् । एउटामा दुवै आमने-सामने भएर प्रेमिल भावमा देखिएका छन् भने अर्कोमा आँचललाई विवेकले काँधमा बोकेका छन् । यी दुई पोस्टरले उनीहरुको सम्बन्धलाई दर्शाउँछ ।

तेस्रो पोस्टरमा आँचल र विवेकसहित विजय लामा, किरण केसी, रविन्द्र खड्का, हिमेश पन्त, दिनेश काफ्ले, सीता न्यौपाने, कुशुम शर्मा र सृष्टि खड्का प्रस्तुत छन् । मिलन चाम्सको निर्देशनमा तयार भएको फिल्ममा अंशु महर्जन, सरिता लामिछाने, गरिमा शर्मा, यमन श्रेष्ठ लगायतको पनि विशेष भूमिका छ । फिल्ममा जानुका थापा निर्माता र डाक्टर अमित रिजाल कार्यकारी निर्मातामा छन् ।

यसमा प्रदीप भारद्वाजको लेखन, सुदीप बरालको डिओपी, हिमाल केसीको द्वन्द्व निर्देशन, मिलन श्रेष्ठको सम्पादन, साहिल खानको ट्रेलर तथा कविराज गहतराज र अनिसा स्याङ्देनको कोरियोग्राफी छ । यसअघि सार्वजनिक फिल्मका दुईवटा गीतलाई दर्शकले रुचाएका छन् । कलाकारको 'लाइनअप' बलियो भएकाले फिल्मले बक्स अफिसमा सुखद् व्यापार गर्न सक्ने प्रक्षेपण गरिएको छ ।

# निशान र समीक्षाले गाए 'ज्वाइँ साब'को गीत

काठमाडौं/बसन्त निरौलाको निर्देशनमा बनेको फिल्म 'ज्वाइँ साब'लाई यस वर्षको तिहारमा रिलिजको तयारी गरिएको छ । तर, प्रदर्शन मिति भने घोषणा हुन बाँकी छ । यतिबेला पोस्ट प्रोडक्सनमा रहेको फिल्मको यसै साता रोमान्टिक गीत रेकर्डिङ गरिएको छ । 'कसम बत्तीको' गीतमा निशान भट्टराई र समिक्षा अधिकारीले स्वर भरेका छन् भने यादव लम्सालको शब्द र अर्जुन पोखरेलको संगीत छ ।



यो गीतको छायांकन केही दिनभित्र गरिने निर्देशक निरौलाले बताए । जसमा फिल्मका शीर्ष अभिनेता जितु नेपाल र अभिनेत्री नीति शाहलाई प्रस्तुत गरिनेछ । गत महिना फिल्मको एक गीत बाहेकको छायांकन चित्लाङ र चितवनमा गरिएको थियो । पहिलो पटक जितु र नीतिको जोडी बाँधिएकाले फिल्म रोचक बनेको हुनसक्ने देखिन्छ । नामले नै फिल्म कमेडी विषयवस्तुमा बनेको बुझाउँछ ।

बुद्धि तामाङ, शिशिर वाङ्देल, प्रकाश घिमिरे, रमेश बुढाथोकी, हिमेश पन्त, निमा पाण्डे लगायतको पनि अभिनय रहेको फिल्ममा राजकुमार पण्डितको प्रस्तुति छ भने मीना देवी खड्का, सौगात पण्डित र पदमलाल तामाङको लगानी रहेको छ । विजय बस्याल कार्यकारी निर्माता रहेको फिल्ममा श्याम तामाङको डीओपी, सविन अधिकारीको कथा, शंकर धितालको पटकथा एवं संवाद छ ।

# फिल्म टिमवर्क हो, कसैका कारण चल्ने वा नचल्ने हुँदैन : मलिका महत

काठमाडौं/अभिनेत्री मलिका महतले फिल्मी करिअर सुरु गरेको धेरै भएको छैन । उनको पहिलो फिल्म 'यात्रा' २०७५ सालमा आएको थियो । यसपछि 'पानीफोटो' र 'अगस्त्य'मा काम गरेकी उनको चौंथो फिल्म 'सतीदेवी' आगामी भदौ ७ गते प्रदर्शनमा आउँदैछ । अघिल्ला तीन फिल्म उनीमा केन्द्रित थिएनन् । तर, 'सतीदेवी' उनकै काँधमा छ । त्यसैले मलिकालाई आफैंले फिल्म चलाउनुपर्ने दबाब छ ।



तर, उनलाई कोही एक व्यक्तिका कारण फिल्म चल्ने वा नचल्ने हुन्छ भन्ने लाग्दैन । उनी भन्छन्, 'कसैको कारणले फिल्म चल्छ वा चल्दैन भन्ने हुन्छ जस्तो मलाई लाग्दैन । फिल्म भनेको त टिमवर्क हो । मैले मात्र राम्रो गरेर पनि हुन्न । फिल्म राम्रो भएर मेरो काम ध्वस्त छ भने पनि हुँदैन । सबै पक्ष उस्तै राम्रो हुनुपर्छ । यसमा त्यो चीज छ भन्ने लाग्छ । यसैले फिल्म सफल हुनेमा म विश्वस्त छु ।'

उनी 'सतीदेवी'लाई छोरीको दृष्टिकोणबाट भनिएको कथा मान्छिन् । 'यो महिला प्रधान फिल्म हो । छोरा र छोरीबीचको भेदभावको कथामा फिल्म बनाएका छौं । यो हाम्रो समाजको यथार्थ कथा हो । त्यसलाई छोरीको दृष्टिकोणबाट देखाइएको छ,' उनले भनिन् । 'सतीदेवी'को सबैभन्दा बलियो पक्ष कथालाई मान्छिन् मलिका । यसमा जुनसुकै वर्गका दर्शक पनि 'कनेक्ट' हुने उनको विश्वास छ ।

स्क्रिप्टलाई सबैभन्दा महत्वपूर्ण मान्ने गरेकी मलिका 'सतीदेवी'को स्क्रिप्ट एकपटक पढ्नसाथ काम गर्न राजी भएकी रहेछिन् । स्क्रिप्ट पढेपछि उनलाई लागेको रहेछ, 'यो छाड्नु हुन्न ।' 'एकपटक स्क्रिप्ट पढ्ने वितिक्कै यो छाड्नु हुँदैन भन्ने भएको थियो,' उनी अगाडि भन्छिन्, 'मैले अहिलेसम्म पढेका स्क्रिप्टहरूमध्ये सबैभन्दा मन परेको नै 'सतीदेवी'को हो । यसको स्क्रिप्ट एकदमै 'परफेक्ट' थियो ।'

'सतीदेवी'को स्क्रिप्टमा जति चाहिने त्यति मात्र थियो भन्ने उनलाई लाग्छ । स्क्रिप्ट पढ्दाको क्षण स्मरण गर्दै उनले भनेकी छन्, 'स्क्रिप्ट पढ्दा रमाइलो किताब पढेको जस्तो भएको थियो । पढेपछि छोड्नै मन लागेको थिएन । स्क्रिप्ट पढिसकेपछि के महसुस भयो भने यो त मैले गर्नैपर्छ । यसमा काम गर्न पनि चुनौती हुनेछ । तर, मैले गर्नैपर्छ भन्ने भयो । त्यही महसुसले गर्दा नै मैले 'सतीदेवी' गरेँ ।'

# पेट्रोलियम पाइपलाइन परियोजना : कसरी टुग्याइँदैछ लगानी मोडालिटी ?

काठमाडौं/नेपाल र भारतबीच पेट्रोलियम पाइपलाइन विस्तार तथा निर्माणलाई गति दिने तयारी गरिएको छ ।

तर, लगानी मोडालिटी नटुंगिएका कारण यो परियोजनाको अन्योल भने अझै हटिसकेको छैन । 'बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीका राष्ट्रहरूको प्रयास' (बिम्स्टेक) व्यापार सम्मेलनका बेला भारतमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी र भारतका पेट्रोलियम तथा प्राकृतिक ग्याँसमन्त्री हरदीपसिंह पुरी बीचको भेटमा पेट्रोलियम पाइलपाइन परियोजना अगाडि बढाउने सम्बन्धमा छलफल भएको छ ।

यद्यपि, सहसचिव स्तरीय संयुक्त 'वर्किङ ग्रुप' बैठकले मोडालिटी नटुंग्याइसकेका कारण अन्योल कायमै छ । वर्किङ ग्रुप बैठक छिट्टै बस्ने भनिए पनि समय भने तय नभइसकेको नेपाल आयल नियमले जनाएको छ । निगम प्रवक्ता मनोज कुमार ठाकुरका अनुसार यो परि योजनामा नटुंगिएको विषय नै लगानी मोडालिटी हो । यसअघि समझदारीमा भारतीय लगानीमा परियोजना बनाउने भनिए पनि त्यो अनुदान हुने वा ऋण लगानी हुने भन्ने टुंगिन बाँकी छ ।

नेपाल सरकारले अनुदानमा बनाइदिन भारत सरकार सँग अनुरोध गरेको छ । यसमा भारत सकारात्मक देखिए पनि वर्किङ ग्रुपमा सम्झौता नभएसम्म केही भन्न नसकिने ठाकुर बताउँछन् । ग्रुपले मोडालिटी टुंगो लगाए पनि यो



आयोजना 'बीटूबी' मोडेलमा कार्यान्वयन गरिने छ । नेपालमा आयल निगम र भारतमा इन्डियन आयल कर्पोरेसन (आईओसी) यसका सरोकारवाला निकाय हुनेछन् । दुवै निकाय सरकारी स्वामित्वका हुन् ।

२६ अर्ब रुपैयाँभन्दा बढी लगानी आवश्यक पर्ने पेट्रोलियम पाइपलाइन परियोजना अन्तर्गत अमलेखगञ्ज पाइपलाइनलाई चितवनसम्म विस्तार गर्ने, सिलगुढी-झापा पेट्रोलियम पाइपलाइन निर्माण गर्ने र झापामा टर्मिनल निर्माण गर्ने योजना छ ।

अमलेखगञ्जदेखि लोथर सम्मको पाइपलाइनको दुरी ६९ किलोमिटर लामो हुनेछ । अन्तरदेशीय सिलिगुढी-झापा पाइपलाइन भने ५० किलोमिटर लामो हुनेछ । जसको १५ किलोमिटर भाग नेपालमा पर्ने छ । चितवन लोथरमा बन्ने टर्मिनलमा भने आयल निगमको लगानी हुनेछ । जसको लागत ९ अर्ब रुपैयाँ अनुमान गरिएको छ । लोथरमा १ लाख किलोलिटर र झापामा ४५ हजार किलोलिटर क्षमताको भण्डारण गृह बनाउने योजना छ । यसले आयल निगमको भण्डारण क्षमता समेत बढाउने छ ।

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमण क्रममा गत वर्ष नेपाल र भारतका प्रधानमन्त्रीबीच अनुदानमा यी पाइपलाइन बनाउनेबारे छलफल भएको थियो । तर, लगानी सम्बन्धी मोडालिटीले औपचारिकता पाएको छैन ।

दाहालको भारत भ्रमण क्रममा भारतको लगानीमा दुइटा पाइपलाइन र एउटा ग्रिनफिल्ड टर्मिनल बनाउने समझदारी भएको थियो । त्यो लगानी अनुदान हुने वा ऋण भन्ने अन्योल टुंगिएको छैन ।

यसअघि नेपाल र भारतबीच अन्तरदेशीय पहिलो पेट्रोलियम पाइपलाइन मोतिहारी-अमलेखगञ्ज भदौ २०७६ मा उद्घाटन भई सञ्चालनमा छ । करिब ३० महिना लाग्ने अनुमान गरिएको उक्त पेट्रोलियम पाइपलाइन १५ महिनामै निर्माण सम्पन्न गरी सञ्चालनमा छ । मोतिहारी-अमलेखगञ्ज पाइपलाइनको दुरी ६९.१ किलोमिटर छ । यस पाइपलाइनमा समेत दोस्रो चरणको काम भने अझै पनि जारी छन् । पाइपलाइन विस्तार हुँदा इन्धन आपूर्ति र ढुवानीमा हुने लागत घट्छ । साथै, वातावरण प्रदूषण समेत कम हुन्छ । सोहीकारण भारत र नेपाल सरकारले पेट्रोलियम पाइपलाइनमा जोड दिइरहेका छन् ।

# निर्देशक हटाउन प्रयोगशालामै पुगे मन्त्री र सचिव

जनकपुरधाम/निमित्त निर्देशकको हाजिरी र निवर्तमान निर्देशकको रमानाको विषयमा मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशालामा आइतबार धक्कामुक्की भएको छ । यो विवाद सुल्झाउन मधेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री सत्रुधनप्रसाद सिंह र सचिव डा. प्रमोद यादव नै प्रयोगशाला पुगे ।

संघका एघारौं तहका कर्मचारी डा. श्रवण मिश्र १८ साउन २०७७ मा प्रयोगशालामा निर्देशक थिए । केन्द्रको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २० असारमै उनलाई दरबन्दी रहेको कोशी अस्पताल, बिराटनगरमा काज फिर्ता जान भनेको थियो । तर दुईपटक सरुवाको प्रयास टार्दै उनले जनकपुर छाडेनन् ।

पछिल्लो पटक मधेश प्रदेशको मुख्यमन्त्री कार्यालयले २० साउनमा निर्देशक मिश्रलाई २४ घण्टाभित्र बरबुझारथ गरेर सरुवा भएको ठाउँमा जान निर्देशन दियो । अनि, नवौं तहका मृत्युञ्जयप्रसाद यादवलाई निमित निर्देशकको जिम्मेवारी तोक्यो । उनी ११ फागुन २०८० मा यहाँ कार्यरत थिए ।

मिश्रले प्रयोगशाला छाडेनन् । '२४ घण्टाभित्रै बरबुझारथ गरी जानुपर्ने कानुनमा कतै उल्लेख छैन । त्यसको २० दिन भित्र जान सकिन्छ' उनले तर्क गरे ।

शुक्रबार उनी कार्यालयमा थिएनन्, निमित निर्देशकको जिम्मेवारी पाएका मृत्युञ्जयप्रसाद यादव उपस्थित भएर हाजिर गरे । तर आइतबार मिश्रले विवाद निकाले ।

निमित्त निर्देशक यादव आइतबार कार्यालयमा पुग्नु अगावै डा. मिश्र पुगिसकेका थिए । मूलगेटमा ताल्चा लगाउन लगाए, उनी पक्षका कर्मचारीले यादवलाई निर्देशकको कार्यकक्षमा प्रवेश गर्न दिएनन् । त्यसक्रममा धकेलाधकेल भयो । मिश्र पक्षका कर्मचारीहरुले धक्काधक्कीसँगै आफूलाई दुर्व्यवहार गरेको यादवको आरोप छ ।

विवादले उग्ररुप लिएपछि मुख्यमन्त्री शतिकुमार सिंहले स्वास्थ्यमन्त्री र सचिवलाई जान निर्देशन दिए । किनकी मिश्र तत्कालीन सरकारको नेतृत्व गरेको जनता समाजवादी पार्टी (जसपा) नेपालका नेताहरुको जोडबलमा आएका थिए । जनमतका मुख्यमन्त्री सिंह उनलाई यहाँबाट हटाएर आफ्नो शक्ति देखाउन चाहन्थे ।

मुख्यमन्त्रीका निर्देशनपछि मन्त्री र सचिव पुगे । झन्डै तीन घण्टा बसेर निमित्त निर्देशक यादवलाई प्रयोगशालाको नेतृत्व बुझाए । 'मुख्यमन्त्रीजीले निमित्त निर्देशक हाजिर हुन आउँदा अवरोध भयो । तपाईंहरु पुगे विधिसम्मत गर्न निर्देशन भएपछि मन्त्रीजिसँगै म पनि आएको हुँ', सचिव यादवले भने ।

मिश्रले भने दिनरात काम गरेर उदाहरणीय प्रयोगशाला बनाएको पुरस्कार पाएको प्रतिक्रिया दिएका छन् । प्रयोगशालामा दिनहुँ ३ ०० देखि ४०० बिरामीको स्वास्थ्य परीक्षण हुन्छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# '३० वर्षे'को प्रभाव: बागमतीका प्रहरीप्रमुख केसी अवकाशमा जाँदै

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी बिष्णुकुमार केसीसहित नेपाल प्रहरी (जनपद समूहतर्फ) र सशस्त्र प्रहरीमा ठुलो संख्यामा उच्चअधिकृतहरु अवकाशमा जाँदैछन् । केसी पुस २०८० मा बागमतीको प्रदेशप्रमुखमा सरुवा भएर आएका थिए ।

३० वर्षे सेवाअवधिको कारण २०५१ भदौ १६ मा प्रहरीमा प्रवेश गरेकाहरु भदौ १५ बाट अवकाशमा जान लागेका हुन् । अवकाश हुन लागेका प्रहरी अधिकृतहरु ५० देखि ५२ वर्ष उमेर समूहका छन् । ३० वर्षे सेवाअवधिका कारण कम उमेरमै उच्चअधिकृतहरु अवकाशमा जाँदा दुवै संगठनले क्षमता र अनुभवले खारिएका अधिकृत गुमाउन लागेको प्रहरीका पूर्वडीआईजी हेमन्त मल्लले बताए । उनले ३० वर्षे पुगेपछि हट्नुपर्ने कानून संशोधन हुनुपर्ने बताए ।

लामो समयदेखि ३० वर्षे सेवाअवधि हटाउने बहस चले पनि त्यसबारे राजनीतिक नेतृत्वमा सहमति नहुँदा र संगठनभित्रै पनि दुईथरि मत हुँदा त्यसबारे निर्णय भएको छैन । माथिल्लो तहमा रिक्त दरबन्दी पदपूर्ति गर्न निरीक्षक (इन्सपेक्टर)मा भर्ना लिनुपर्छ । एकजना इन्स्पेक्टर उत्पादन गर्न




करिब ४० लाख खर्च हुने प्रहरी अधिकृतहरु बताउँछन् । पूर्वडीआईजी मल्ल भन्छन्, 'कम उमेरमा सुरक्षा अधिकृतहरु अवकाशमा जाँदा राज्यलाई ठुलो आर्थिक भार थपिन्छ ।,'

नेपाल प्रहरीतर्फ बागमती प्रदेशका डीआईजी विष्णुकुमार केसी र ११ जना वरिष्ठउपरीक्षक (एसएसपी) सहित ९० जना अवकाश हुँदैछन् । अवकाशमा जाने एसएसपीहरुमा दिनेशराज मैनाली, बेलबहादुर पाण्डे, रवि पौडेल, जीवन श्रेष्ठ, किसनसिंह थापा, रेवती ढकाल, चन्द्रदेव राई, नवीन राई, रवीन्द्र रेग्मी, दिल्लीराज विष्ट र वीरबहादुर ओली छन् । प्रहरी उपरीक्षक (एसपी)हरु अवदेश विष्ट, कृष्ण प्रसाई र हीराबहादुर पाण्डेसहित अवकाशमा जाँदैछन् । प्रहरी नायव उपरीक्षक (डीएसपी) सहित अवकाश हुनेमा प्रहरीतर्फ ९० जना छन् ।

सशस्त्र प्रहरीमा डीआईजीहरु अभि खत्री र दुर्गा भट्टराई पनि अवकाशमा जाँदैछन् । १०५ टोलीमा भर्ना भएर सशस्त्रमा गएका खत्री अहिले लुम्बिनी प्रदेशस्थित विन्ध्यवासिनी बाहिनीका प्रमुख छन् । नेपाल प्रहरीबाट सशस्त्रमा आएका १८ जना अवकाशमा जान लागेको सशस्त्र प्रहरी बलका प्रवक्ता (डीआईजी) कुमार न्यौपानेले बताए । सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक विश्व भट्टराई र १५ जना डीएसपीहरु अवकाश हुँदैछन् ।

# मकवानपुरका ५३ जना डेंगु पुष्टि



साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ मकवानपुरमा ५३ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा थप ४ जनामा डेंगु संक्रमण पुष्टि भएसँगै कूल संख्या ५३ पुगेको हो ।

यो तथ्यांक साउन १ गतेदेखि साउन २७ गते आइतबार दिउँसोसम्मको रहेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । जनस्वास्थ्य कार्यालयका अनुसार, डेंगु संक्रमण पुष्टि हुनेमा ३३ जना महिला र २० जना पुरुष रहेका छन् । जिल्लामा यो अवधिमा डेंगु संक्रमणका कारण कुनै पनि व्यक्तिको निधन नभएको जिल्ला स्वास्थ्य कार्यालयले जानकारी दिएको छ ।

यो अवधिमा हेटौंडा उपमहानगरपालिकामा १२ पुरुष र २७ महिला गरी ३९ जना, मकवानपुरगढी गाउँपालिकामा २ पुरुष र २ महिला गरी ४ जना, बागमती गाउँपालिकामा एक जना पुरुष, मनहरी गाउँपालिकामा चार पुरुष, बकैया गाउँपालिकामा एक पुरुष र एक महिला गरी २ जना, भीमफेदी गाउँपालिकामा एक जना महिला, ठेगाना नखुलेको एक महिला र अन्य जिल्लाका एक महिलामा डेंगु संक्रमण पुष्टि भएको हो ।

# नेतृत्वविहीन बागमती प्रदेश लोकसेवा आयोग

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ विगत साढे चार महिनादेखि नेतृत्वविहीन बनेको छ, बागमती प्रदेश लोकसेवा आयोग । प्रदेश सरकारले आयोगको अध्यक्ष नियुक्त गर्न सकिरहेको छैन ।

गत ३ चैतमा तत्कालीन अध्यक्ष सुरेशमान श्रेष्ठले उमेरहदका कारण अवकाश लिएका थिए । त्यसयता आयोगको अध्यक्ष पद रिक्त बनेको छ । आयोगको अध्यक्ष बागमती प्रदेशका मुख्यमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षी दल सम्मिलित समितिको सिफारिसमा नियुक्त हुने प्रावधान रहेको छ । बागमतीमा सरकार परिवर्तनको कारण सत्तारुढ दल र प्रतिपक्षी दल आयोगको अध्यक्ष नियुक्तिमा तदारुकता देखिएनन् ।

बागमती प्रदेशमा कतिपय कार्यालयमा रिक्त रहेको कर्मचारी दर्वन्दीमा पदपूर्ति गर्न, बढुवा गर्न, आयोगको नीतिगत निर्णय लिनका लागि अध्यक्षको अनिवार्य उपस्थिति हुनुपर्छ । बागमती प्रदेश लोकसेवा आयोगका सूचना अधिकारी राजु अर्यालले आयोग अध्यक्षविहीन हुँदा केही सेवा प्रवाहमा असहज भइरहेको छ । कुनै निर्णय गर्न अध्यक्ष नै चाहिने अवस्था हुने उनको भनाइ छ । आयोगको अध्यक्ष बन्नका लागि ऐनको दफा ५ (क) र (ख) अनुसार मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनुपर्ने र नियुक्ति हुँदाको समयमा कुनै राजनीतिक दलको सदस्य नभएको हुनुपर्ने व्यवस्था छ ।

ऐनको दफा ५ (ग) अनुसार अध्यक्ष बन्न ४५ वर्ष र सदस्यको हकमा ३५ वर्ष पूरा भएको हुनुपर्ने छ भने (घ) अनुसार उच्चनैतिक चरित्र भएको योग्यता हुनुपर्ने व्यवस्था छ । बागमती प्रदेश मुख्यमन्त्री कार्यालयका प्रमुख सचिव गोविन्दबहादुर कार्कीले मुख्यमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षी दलले समयमा नै सहमति जुटाएर नयाँ अध्यक्ष नियुक्तिका लागि सिफारिस गर्नुपर्ने बताउँछन् । उनीहरु बीच सहमति भए चाँडै अध्यक्ष नियुक्त हुनसक्ने कार्की बताएका छन् ।

मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशसभाका सभामुख र प्रदेशसभाको विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समितिले अध्यक्ष र सदस्यमा नियुक्तिका लागि सिफारिस गर्ने ऐनमा व्यवस्था छ ।

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**सूचना ! सूचना ! सूचना !**

नेपाल सरकार र मातहतका निकायमा व्यवसाय दर्ता गरी यस हेटौंडा उपमहानगरपालिकामा दर्ता नगरी संचालन भैरहेको तथा हेटौंडा उपमहानगरपालिकाका दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएको उद्योग तथा व्यवसायीहरूलाई यस उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ बमोजिम निम्नानुसार छुटको व्यवस्था भएकोले आर्थिक ऐन २०८१ ले दिएको छुट सुविधा लिनुहुन सबैमा यो सूचना जारी गरिएको छ । अन्यथा नियमानुसार भै जाने व्यहोरा अनुरोध छ ।

**निम्न**:

१. मिति २०८१ आश्विन मसान्तभित्र व्यवसाय नयाँ दर्ता तथा नवीकरण गर्न आएमा व्यवसाय करमा १० प्रतिशत छुटको व्यवस्था,
२. अन्य निकायमा दर्ता भई संचालनमा रहेको तर हेटौंडा उपमहानगर पालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायहरूलाई चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र व्यवसाय दर्ता गर्दा आ.व. २०७८/०७९ भन्दा अगाडीको व्यवसाय कर र घर बहाल करमा शत प्रतिशत छुट दिने व्यवस्था,
३. आ.व. २०७८/०७९ भन्दा अगाडी यस कार्यालयमा व्यवसाय दर्ता गरी नियमितरूपमा नवीकरण गर्न नआएका उद्योग तथा व्यवसायीहरूको हकमा चालु आ.व. २०८१/०८२ को चैत्रमसान्तभित्र नवीकरण गर्न आएमा आ.व. २०७८/२०७९ भन्दा अगाडीको व्यवसाय कर र घर बहाल करमा छुट दिई व्यवसाय नवीकरण गरिनेछ ।
४. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र संचालित व्यवसाय बन्द गर्दा चालु आर्थिक वर्षको व्यवसाय कर तथा व्यवसाय बन्द भन्दा अगाडी अवधिको बहाल कर फरफारक भएपछि मात्र बन्द गरिने र विभिन्न प्रयोजनको लागि आर्थिक ऐन २०८१ अनुसार निश्चित समयका लागि घर बहाल कर बुझाउनु भएका करदाताहरूले घर बहाल कर समयमा नै आई बन्द समेत गर्नुहुन जानकारी गराईन्छ । समयमा बन्द नगरेमा घर बहाल कर मासिक रूपमा गणना हुँदै जाने व्यहोरा अनरोध छ ।

**हेटौंडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

**कम्पनीको नाम परिवर्तन हुने सम्बन्धी सूचना !**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०४/२४ मा प्रा. मि नं. २०५९१२ मा दर्ता लुम्विनी अल स्टार्स पा.लि. अंग्रेजीमा Lumbini All Stars Pvt.Ltd. को मिति २०८१/०४/२६ मा कम्पनीको एकल संस्थापकको विशेष साधारण सभा लगायत संचालक समितिबाट स्वीकृति प्राप्त भई साविकको नाम दर्ता लुम्विनी अल स्टार्स प्रा.लि. अंग्रेजीमा Lumbini All Stars Pvt.Ltd. परिवर्तन भई **ड्रिम स्पोर्ट्स प्रा.लि.** अंग्रेजीमा **Drean Sports Pvt.Ltd.** हुने भएकोले यस नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण-धन कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ ।

# एकसय ५० जना राष्ट्रिय परिचयपत्र शिविरबाट लाभान्वित

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ थाहा नगरपालिकाको आग्रहमा जिल्ला प्रशासन कार्यालय मकवानपुरले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वृद्धवृद्धा र अपाङ्गता भएका लाभग्राही लक्षित राष्ट्रिय परिचयपत्र विवरण दर्ता विशेष शिविरमा १ सय ५१ जनाले सेवा लिएका हुन् ।

थाहा नगरपालिकाको कार्यालयमा दुई दिन श्रावण २७ र २८ मा संचालन हुने शिविरमा २७ गते १ सय ५१ जना सेवाग्राहीले सेवा लिएको पञ्जिकरण शाखाका प्रमुख रुपक कार्कीले जानकारी दिए । सामाजिक सुरक्षा भत्ता लिनको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछी थाहामा यस अघिपनी एक हप्ता शिविर संचालन गरेको थियो । थाहा नगरपालिकाका नगर प्रमुख बिष्णु बिष्टले मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाललाई आग्रह गरेपछि पुन: बिशेष शिविर आएको हो ।

पालिकाको केन्द्रमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता शिविर सामाजिक सुरक्षा भत्ताको लाभग्राहीलाई केन्द्रित गरी सञ्चालन गरिएको र अन्य व्यक्तिका हकमा जिल्ला प्रशासन कार्यालयबाट नियमित राष्ट्रिय परिचयपत्रको विवरण दर्ता हुने जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सरोज पौडेलले बताए ।

# बागमतीका सबै स्थानीय तहमा बुझाइयो ज्ञापनपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २७ साउन/ बागमती प्रदेशका १३ वटै जिल्लाका स्थानीय तहलाई आइतबार शिक्षाक्षेत्रका माग समेटेर तयार पारिएको ज्ञापनपत्र बुझाइएको छ ।

नेपाल राष्ट्रिय शिक्षक संगठन राष्ट्रिय समिति तथा बागमती प्रदेशको सर्कुलर बमोजिम संगठन प्रदेशका महासचिव पूर्णबहादुर पुरीले छिटपुट बाहेक १३ जिल्लाका सबै स्थानीय तहमा संगठनले ज्ञापनपत्र बुझाएको बताए ।

संघीय शिक्षा ऐनको विधेयक समयमै नआउनु दुर्भाग्यपूर्ण भएको भन्दै संगठन मकवानपुर अध्यक्ष श्रीराम दाहालले पालिकासँग भन्दा संघीय सरकारसँग आफूहरुको गुनासो रहेको बताए ।

बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगर पालिका उपमेयर राजेश बानियाँलाई आफ्नो संगठनको तर्फबाट ज्ञापनपत्र बुझाउँदै उनले यस्तो बताएका हुन् । नेपाल राष्ट्रिय शिक्षक संगठन राष्ट्रिय समितिको निर्णयबमोजिम आइतबार देशभरका ७ सय ५३ वटै स्थानीय तहमा छिटपुट बाहेक ज्ञापनपत्र बुझाइएको संगठन राष्ट्रिय समिति महासचिव हंसबहादुर शाहीले बताए ।

ज्ञापनपत्रमा शिक्षाक्षेत्रमा बढ्दै गएको अराजकता र सुधार गर्नुपर्ने विषय उल्लेख गरिएको शाहीले बताए ।




**सूचना ! सूचना !! सूचना !!!**

*अब किन जानु पऱ्यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको **TATA SUMO** बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhabahini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

**हाम्रो सुमो सेवाको**



नयाँ प्रस्तुति...

**Electric Van (EV)**
**विद्युतीय यात्रुबाहक सेवा**





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा–काठमाडौं–हेटौंडा
हेटौंडा–वीरगञ्ज–हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी
**हाम्रो सुमो सेवा**
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना